## बूढानीलकण्ठ स्कूलका भूतपूर्व बिद्यार्थीको समाज (SEBS)

को

विधानमा भएको संसोधनको

तिन महले

| साविकको व्यवस्था | हाल संसोधन गरिएको व्यवस्था | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **विधानको दफा ६(२)(क)**<br>(क) साधारण सदस्य<br>बूढानीलकण्ठ स्कूलमा कम्तीमा पनि एक शैक्षिक वर्ष अध्ययन गरेको र उक्त सदस्यको शैक्षिक समुहले एस.एल.सी वा सो सरहको शैक्षिक तह पार गरेको भूतपूर्व विद्याथी, तोकिएको दर्ता शुल्क तिरी यस संगठनको साधारण सदस्य बन्न सक्ने छ । | **विधानको दफा ६(२)(क)**<br>(क) साधारण सदस्य<br>बूढानीलकण्ठ स्कूलमा कम्तीमा पनि एक शैक्षिक वर्ष अध्ययन गरेको र उक्त सदस्यको शैक्षिक समुहले प्लस दुई वा सो सरहको शैक्षिक तह पार गरेको भूतपूर्व विद्याथी, तोकिएको दर्ता शुल्क तिरी यस संगठनको साधारण सदस्य बन्न सक्ने छ । | परिपक्व सदस्यहरुको समुह निर्माण गर्नको लागि |
| **विधानको दफा १३(६)**<br>(६) कार्यकारिर्णी समितिको पदावधि सामान्यतया १ (एक )वर्षको हुने छ । कुनै कारणवश तोकेको अवधिमा समितिको गठन हुन नसके बढिमा १(एक) महिना सम्म पुरानै कार्यकारिणी समितिले कार्य गर्ने छ। सो समय भित्रपनि कुनै कारणवश नया कार्यकारिणी समिति गठन हुन नसकेमा सल्लाहकार समितिले संगठनको सम्पूर्ण कारवाहि आफ्नो हातमा लिई १(एक) महिना भित्र नया कार्य समितिको निर्वाचन गर्ने व्यवस्था गर्ने छ । | **विधानको दफा १३(६)**<br>(६) कार्यकारिणी समितिको पदावधि सामान्यतया २ ( वर्ष)को हुने छ । कुनै कारणवश तोकेको अवधिमा समितिको गठन हुन नसके बढिमा १(एक) महिना सम्म पुरानै कार्यकारिणी समितिले कार्य गर्ने छ। सो समय भित्रपनि कुनै कारणवश नया कार्यकारिणी समिति गठन हुन नसकेमा सल्लाहकार समितिले संगठनको सम्पूर्ण कारवाहि आफ्नो हातमा लिई १(एक) महिना भित्र नया कार्य समितिको निर्वाचन गर्ने व्यवस्था गर्ने छ । | १ वर्ष, काम गर्नको निमित्त छोटो अवधि महसुस गरिएकाले १ वर्ष अतिरिक्त थप गरिएको । |

| | | |
|---|---|---|
| निम्नानुसारको स्थायी समितिको व्यवस्था गरिएको छ ।<br>-कार्यक्रम प्रमुख<br>-अन्तर्राष्ट्रिय संयोजक<br>-राष्ट्रिय संयोजक<br>- कोषाध्यक्ष<br>- पदेन सहसचिव - बूढानीलकण्ठ स्कूलको Social Service Club का सभापति (Chairman)<br><br>(३) यस समितिको गठन वार्षिक साधारण सभाले गर्नेछ । समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।<br><br>(४) कुनै कारणबस समितिका कुनै पदाधिकारीको पद रित्त हुन आएमा कायकारिणी समितिको परामर्शमा समितिले सहवरणद्वारा उक्त रिक्त पदको पूर्ति गरिनेछ ।<br><br>(५) समितिको सम्पुर्ण कार्यक्रम सेब्सको विधान अन्तर्गत रही माथि उल्लेख भए वमोजिम गठन भएको छात्रबृत्ति समितिले गर्ने छ ।<br>(६) प्रत्येक वर्ष वार्षिक साधारण सभामा छात्रबृत्ति कार्यक्रमको आय व्यय विवरण पेश गरिने छ । | (२) यस कार्यक्रमको संचालनका लागि कार्यसमितिले प्रत्येक (२) दुई वर्षका लागि साधारण सदस्यहरु समावेश भएको निम्नानुसारको एक स्थायी एनएसपी कार्यक्रम समिति गठन गर्नेछ, जसअनुसार:<br>-कार्यक्रम प्रमुख - एक जना<br>-अन्तर्राष्ट्रिय संयोजक - एक जना<br>-राष्ट्रिय संयोजक- कार्यसमितिको प्रथम उपाध्यक्ष- पदेन<br>-शिक्षा/सामाजिक क्षेत्रमा संलग्न सेब्स सदस्य- दुई जना<br>-बूढानीलकण्ठ स्कूलको Social Service Club का सभापति (Chairman) - पदेन सदस्य<br>-कार्यक्रम व्यवस्थापक- जसले समितिको सदस्य सचिवको कार्य गर्नेछ, जो समाजको साधारण सदस्य नभएको व्यक्ति पनि हुनसक्नेछ ।<br>(३) यस समितिको गठन वार्षिक साधारण सभाले गर्नेछ । समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।<br>(४) कुनै कारणबस समितिका कुनै पदाधिकारीको पद रिक्त हुन आएमा कार्यसमितिको परामर्शमा कार्यक्रम समितिले सहवरणद्वारा उक्त रिक्त पदको पूर्ति गर्नेछ ।<br>(५) समितिको सम्पुर्ण कार्यक्रम सेब्सको विधान अन्तर्गत रही माथि उल्लेख भए वमोजिम गठन भएको | |

छात्रबृत्ति समितिले गर्ने छ ।

(६) सेब्सको बिधानअन्तर्गत रही कार्यक्रम समितिले प्रत्येक बर्ष सेब्सको कार्यसमितिमा छात्रवृत्ति कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण, आय-व्यय विवरण तथा प्रतिवेदनहरु पेश गर्नुपर्नेछ ।

(७) प्रत्येक बर्ष कार्यकारिणी समितिले वार्षिक साधारण सभामा छात्रवृत्ति कार्यक्रमको वार्षिक प्रतिवेदन पेश गर्नेछ ।

(८) सेव्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम (SEBS NATIONWIDE SCHOLARSHIP PROGRAM) को कार्यक्रम प्रमुख र अन्य कार्यसमितिलाई सेव्स कार्यकार्यकारिणी समितिले, सल्लाहाकार समितिको सुझाव अनुसार छनौट गर्ने छ ।

(९) सेव्स राष्ट्रव्यापि छात्रबृत्ति कार्यक्रमको कोष:

(क) दैनिक कार्य संचालन गर्न एक साधारण सेव्स राष्ट्रव्यापि छात्रबृत्ति कार्यक्रमको कोषको व्यवस्था गरिनेछ, जसको संचालन सेव्स अध्यक्ष र सेव्स राष्ट्रव्यापि छात्रबृत्ति कार्यक्रमको कार्यक्रम प्रमुखको अनिवार्य दस्तखत हुनुपर्नेछ ।

| | | |
|---|---|---|
| **विधानको दफा २१(१)(च)**<br>(च) साधारणतया प्रत्येक वर्षको असाढ महिनाभित्र निर्वाचन सम्पन्न गराउनुपर्नेछ ।. | **विधानको दफा २१(१)(च)**<br>(च) साधारणतया प्रत्येक २ वर्षको श्रावण महिनाभित्र निर्वाचन सम्पन्न गराउनुपर्नेछ । | कार्यावधि २ वर्ष राखिएको हुनाले सो परिवर्तन गरिएको |
| **विधानको दफा २२(च),(छ),(ज)**<br>(च) -<br>(छ) -<br>(ज) - | **विधानको दफा २२(च),(छ),(ज)**<br>(च) कम्तिमा २५ वर्षको उमेर पुगेको हुनुपर्ने छ ।<br>(छ) ~~कम्तिमा स्नातक तह उत्तिर्ण गरेको हुनुपर्नेछ~~ ।<br>(ज) साधारण सदस्य भएमा निर्वाचन शुल्कका अतिरिक्त सक्रिय वा आजीवन सदस्ता शुल्क बुझाउनु पर्नेछ । | पहिलाको व्यवस्थामा नेतृत्वदायी क्षमताको अभाव महसुस गरिएकाले सो बुदाहरु थप गरिएको |
| **विधानको दफा ३१**<br>**<u>सेव्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम</u>**<br>**<u>(SEBS-NATIONWIDE SCHOLARSHIP PROGRAM)</u>**<br>(१) अधिराज्यभर विभिन्न जिल्लाहरुमा माध्यामिक तथा उच्च माध्यामिक विद्यालयहरुमा अध्ययनरत आर्थिक रुपले कमजोर तथा जेहन्दार बिधार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्य राखी यस कार्यक्रमको व्यवस्था गरिएको छ ।<br>(२) यस कार्यकमको संचालन गर्नका लागि | **विधानको दफा ३१**<br>**<u>सेव्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम</u>**<br>**<u>(SEBS-NATIONWIDE SCHOLARSHIP PROGRAM)</u>**<br>(१) अधिराज्यभर विभिन्न जिल्लाहरुमा आर्थिक रुपले कमजोर तथा जेहन्दार बिधार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्य राखी बिगत २०४७ सालदेखि संचालनमा रहेको सेव्स-राष्ट्रव्यापी छात्रवृत्ति कार्यक्रम (एनएसपी) सेब्सको विधान र कार्यसमितिको नीतिगत मार्गनिर्देशनअनुरुप स्वतन्त्र रुपमा संचालन हुनेछ । | दफा ३१ सम्बन्धमा विभिन्न मुख नमिलेको महसुस गरिएकाले सोलाई स्पष्ट पार्न परिवर्तन गरिएको |